# गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान
# गण्डकी प्रदेश, पोखरा

GPAST

## व्यक्ति करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०८०/०७/२०)

यस प्रतिष्ठानको स्वीकृत संगठन संरचना एवं दरबन्दी बमोजिमका निम्न उल्लिखित पदमा " गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको कर्मचारी (व्यक्ति करार) सम्बन्धी कार्यविधि, २०७८" बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पुगेका व्यक्तिहरूबाट आवश्यक कागजातसहित यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिनभित्र यस प्रतिष्ठानको Email मार्फत दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | पदको विवरण | माग संख्या |
|---|---|---|
| १ | वैज्ञानिक | १ |
| २ | अनुसन्धान सहायक | १ |
| ३ | ल्याव टेक्निसियन | १ |

<u>दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु :</u>

A. Cover letter
B. CV
C. Detailed proposal, maximum of 5 pages
D. Academic degrees
E. Proof of job experience or letter from the employee stating the job description.
F. Citizenship certificate
G. Research and publication index

उपरोक्त बमोजिमका कागजातहरुको क्रमागत रुपमा Single PDF फायल तयार गरि पठाउनु पर्नेछ ।

प्राप्त दरखास्तहरुको छनौट तथा सेवा सुविधा सम्बन्धी व्यवस्था स्वीकृत "गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको कर्मचारी (व्यक्ति करार) सम्बन्धी कार्यविधि, २०७८" बमोजिम हुनेछ ।

थप जानकारीको लागि प्रतिष्ठानको Email : gpastacademy@gmail.com वा फोन नं. ९८५६०८६४८६ मा सम्पर्क गर्न सकिनेछ ।

"गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको कर्मचारी (व्यक्ति करार) सम्बन्धी कार्यविधि, २०७८" http://gpast.gandaki.gov.np/notice बाट डाउनलोड गर्न सकिनेछ।

# GANDAKI PROVINCE ACADEMY OF SCIENCE AND TECHNOLOGY

## Pokhara

**(Date of Notice Publication: 2080/07/20)**

GPAST

# We are Hiring !!

## Scope of Work

The GPAST Laboratory is currently under operation and its core mission revolves around advancing and exploring chemical biology applications. Through the utilization of state-of-the-art analysis techniques, its primary goal is to leverage chemical-biology technology to develop and design high-quality products. In addition to this, GPAST has expanded its focus to include chemical analysis and ecohydrological research. The team at GPAST is committed to achieving excellence and innovation in their research and product development endeavors within these specialized fields.

## How to Apply

Apply through email: gpastacademy@gmail.com with following documents:

1. Prepare a single PDF in the following order:
   - Cover Letter
   - CV (as per the format provided by the academy)
   - Transcripts and Certificates of Educational Qualifications
   - Citizenship
   - Experience Letter (For Scientist and Lab Technician Position Only)
   - Research and Publication Index

2. Proposal (Single PDF max. 5 pages )
   As per the format provided by the academy

## Vacancy

| S.No. | Position | Seats |
|---|---|---|
| 1 | Scientists | 1 |
| 2 | Research Assistant | 1 |
| 3 | Lab Assistant | 1 |

**Deadline:**
19th Mangsir, 2080

## Eligibility

Scientists:

- Ph.D. with minimum 2 years experience.
- The scientist should demonstrate extensive experience meeting the goal of the academy.

Research Assistant:

- Masters Degree in the field of Science and Technology.
- At least 2 Publications in Peer-Review Journals.

Lab Technician:

- +2 Science or Equivalent
- At least 1 year Experience in Lab works

For Details:
https://gpast.gandaki.gov.np
Or contact at:
gpastacademy@gmail.com
Mobile: 9856086486

# गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको कर्मचारी (व्यक्ति करार) सम्बन्धी कार्यविधि, २०७८

GPAST

**गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान**

**पोखरा**

गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानका लागि गण्डकी प्रदेश सरकारबाट स्वीकृत सङ्गठन तथा व्यवस्थापन ढाँचा बमोजिम स्वीकृत पदमा व्यक्ति करारका लागि दरवन्दी स्वीकृत भए बमोजिम व्यक्ति करार प्रकृयाबाट कर्मचारी छनौट मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, नियुक्ति तथा पदस्थापन गर्नुपर्ने भएकालेयोग्यता पुगेका नेपाली नागरिकहरुबाट व्यक्ति करारमा नियुक्त गर्नका लागि यो कार्यविधि तयार गरि लागू गरिएको छ ।

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको कर्मचारी (व्यक्ति करार) सम्बन्धी कार्यविधि, २०७८ रहेको छ । यो कार्यविधि कार्यकारी परिषद्ले पारित गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय या प्रसङ्गले अर्को नलागेमा यस कार्यविधिमा

   क. "कार्यकारी निर्देशक" भन्नाले गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानका कार्यकारी निर्देशक सम्झनुपर्दछ ।

   ख. "कार्यविधि" भन्नाले गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको कर्मचारी (व्यक्ति करार) सम्बन्धी कार्यविधि, २०७८ सम्झनुपर्दछ ।

   ग. "छनौट समिति" भन्नाले दफा ५ बमोजिमको समिति सम्झनुपर्दछ ।

   घ. "प्रतिष्ठान" भन्नाले गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान सम्झनुपर्दछ ।

   ङ. "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

## पद, कार्यविवरण तथा न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण

३. **व्यक्ति करार गरिने पदको विवरण**

| पदको विवरण | न्यूनतम शैक्षिक योग्यता |
|---|---|
| वैज्ञानिक | विद्यावारिधि |
| अनुसन्धान सहायक | स्नातकोत्तर |
| ल्याब टेक्नीसियन | +२ विज्ञान वा सो सरह |

**४. कार्यविवरण :**

(१) वैज्ञानिक पदको कार्यविवरण

क. प्रतिष्ठानले तोकेको विषयमा गरिने अनुसन्धान कार्यका लागि आवश्यक विस्तृत प्रस्ताव, तथा कार्यविधि तयार गर्ने तथा अनुसन्धान कार्य सञ्चालन गर्ने ।

ख. प्रयोगशाला तथा फिल्डबाट प्राप्त तथ्याङ्कहरूको समायोजन तथा विश्लेषण गरि अध्ययन प्रतिवेदन तयार गर्ने ।

ग. योजना तथा कार्यान्वयन शाखाले निर्दिष्ट गरेका कार्यक्रम कार्यान्वयन गर्ने ।

घ. अनुसन्धान बाट प्राप्त प्रतिफल सहितको प्रतिवेदन तयार गरी निर्देशक समक्ष पेश गर्ने ।

ङ. प्रतिष्ठानले सञ्चालन गर्ने अनुसन्धान कार्यका सम्बन्धमा कार्यकारी निर्देशकलाई नीतिगत परामर्श दिने ।

च. विस्तृत कार्यविवरण प्रतिष्ठानले तोकेबमोजिम हुनेछ ।

(२) अनुसन्धान सहायक पदको कार्यविवरण

क. वैज्ञानिकको प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा अनुसन्धान सँग सम्बन्धत कार्यहरू गर्ने ।

ख. प्रयोगशाला तथा फिल्डबाट प्राप्त तथ्याङ्कहरूको समायोजन विश्लेषण गरि अध्ययन प्रतिवेदन तयार गर्न वैज्ञानिकलाई सहयोग गर्ने ।

ग. ल्याबका उपकरण तथा सामाग्रीहरूको अभिलेख राख्ने ।

घ. योजना तथा कार्यान्वयन शाखाले निर्दिष्ट गरेका कार्यक्रम कार्यान्वयन गर्ने ।

ङ. अनुसन्धान बाट प्राप्त प्रतिफल सहितको प्रतिवेदन तयार गरी वैज्ञानिक समक्ष पेश गर्ने ।

च. विस्तृत कार्यविवरण प्रतिष्ठानले तोकेबमोजिम हुनेछ ।

(३) ल्याब टेक्नीसियन

क. ल्याबको प्रयोग गरी गरिने अनुसन्धान कार्यमा सहायता गर्ने ।

ख. रिएजेन्टहरूको सुरक्षा तथा उपलब्धता सुनिश्चित गर्ने ।

ग. ल्याबका उपकरण तथा सामाग्रीहरूको अभिलेख राख्ने ।

घ. ल्याबका उपकरण तथा सामाग्रीहरूको मर्मत सम्भार गर्ने तथा यसको विवरण तयार गरि निर्देशकलाई सूचना दिने ।

ङ. विस्तृत कार्यविवरण प्रतिष्ठानले तोकेबमोजिम हुनेछ ।

## कर्मचारी छनौट सम्बन्धी व्यवस्था

**५. छनौट समिति :**

करार कर्मचारी पदपूर्ती गर्नका लागि देहाय बमोजिमको एक छनौट समिति रहनेछ :

| | | |
|---|---|---|
| क. | प्रतिष्ठानको कार्यकारी निर्देशक/प्रतिनिधि | संयोजक |
| ख. | प्रदेश सरकारको विज्ञान प्रविधि हेर्ने मन्त्रालयको प्रतिनिधि जना १ | सदस्य |
| ग. | गण्डकी प्रदेश भित्रका उच्च शिक्षा अध्ययन संस्थानका कम्तिमा विद्यावारिधि गरेका विज्ञ प्रतिनिधि जना २ | सदस्य |
| घ. | प्रतिष्ठानको अनुसन्धान व्यवस्थापक १ जना | सदस्य सचिव |

**६. छनौट समितिको काम, कर्तव्य र अधिकार :**

छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. दरखास्त फारमहरु संकलन गर्ने/गराउने।

ख. मर्यादित ढंगले लिखित परीक्षा तथा प्रस्तुतीकरण सञ्चालन गर्ने/गराउने।

ग. अन्तर्वार्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तर्वार्ता लिने।

घ. नियुक्तिका लागि सिफारिस गर्ने।

## परीक्षा सञ्चालन, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था

(१) **करार कर्मचारी छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :** (१) करार कर्मचारी छनौट गर्न आवश्यक कर्मचारीको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी कम्तिमा १५ दिनको म्याद दिई सूचना प्रकाशन गरिनेछ।

(२) न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारले निवेदन तोकिएको म्याद भित्र बुझाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रकाशित विज्ञापन अनुसारको दरखास्त उपर छानविन गरी योग्यता पुगेका व्यक्तिलाई मात्र योग्यता मूल्याङ्कन तथा मौखिक परिक्षा तथा प्रस्तुतिकरणमा सामेल गराईनेछ।

(४) परीक्षा र प्रस्तुतीकरणको समय, मिति र स्थान छनौट समितिले निर्धारण गर्नेछ।

**७. स्वीकृत नामावली सूची टाँस गर्नुपर्ने:** प्रतिष्ठानले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावली सूची वर्णानुक्रम अनुसार तयार गरी प्रकाशन गर्नुपर्नेछ।

८. **परिक्षा सञ्चालन सम्बन्धी व्यवस्था:** परिक्षा सञ्चालन वैज्ञानिकको हकमा Research and Publication र Job Experience, अनुसंधान सहायकको हकमा Educational Background, Research and Publication र Job Experience र ल्याव टेक्निसियनको हकमा Educational Background, Job Experience र स्थायी बसोबास का आधारमा योग्यताको मूल्याँकन र Proposal and Presentation र Interview गरि दुई चरणमा गरिनेछ ।
छनौट समितिले योग्यता बापतको अङ्क मूल्याङ्कन गरि सो का लागि कूल निर्धारित अङ्कको न्यूनतम पचास प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेदवारको सूचि तयार गरि उक्त उम्मेदवारहरुको Proposal तथा Presentation and Interview का लागि सिफारिस गर्नेछ ।

न्यूनतम योग्यता र छनौट समितिले लिने परीक्षाको अङ्कभार निम्नानुसारको हुनेछ ।

क. वैज्ञानिकको हकमा:
विद्यावारिधि सम्पन्न गरेपश्चात् अध्ययन तथा अनुसन्धानमा २ वर्षको अनुभव
अङ्कभार:

| | |
|---|---|
| Research and Publication | 65 |
| Job Experience | 10 |
| Proposal | 15 |
| Presentation and interview | 10 |
| Total | 100 |

Research (Max Point 65)

- Research article (Max. 55 points)
  - SCImago Journal Ranking Q1, per article 10 points
  - SCImago Journal Ranking Q2 to Q3, per article 5 points max point 40
  - SCImago Journal Ranking Q4, per article 3 points max point 30
  - AJOL/INASP Journal Publishing Practices and Standards (JPPS) star rated per article 3 points max point 30
- Author *h*-index (Max point 10)
  - Point equivalent to the applicants h-index
- Patent (Max. 65 points)
  - 13 points per patent

The first author and corresponding author of the article will get total points. The other authors will get 50% of the points per article. Sharing the first author and corresponding will also get total points.

Job Experience (Max Point 10)
Experience in University/research center/R&D at a company

- Top 1 to 100 university, top research center 1 to 50 will obtain 5 points per year
- Top 101 to 700 university, top research center 51 to 101 will get 4 points per year
- Above 701 in the list of university and above 101 in the list of the research center will receive 2 points

The experience time will be counted after the Ph.D. degree.
Working in the field of research and development at a company will be 4 points per year, and working at a or non-governmental research organization, the points will be 3 per year.
The ranking of the university will be determined by Academic Ranking of World Universities (ARWU), QS Top Universities, or Times Higher Education World Universities Ranking
Nature Index (Global region, Government Sector) will be used to determine the research center.

Proposal (Max Point 15)
The applicant should submit a detailed proposal of a maximum of five pages. This should include the introduction, preliminary work, significance of the research area, objectives, and work program for at least one-year and expected outcomes. The proposal should comply with the mission and vision of GPAST.

Interview (Max Point 10)
अन्तर्वार्ता छनौट समितिले गर्नेछ ।

Documents to submit
A. Cover letter
B. CV

C. Detailed proposal, maximum of 5 pages.

D. Academic degrees

E. Proof of job experience or letter from the employee stating the job description.

F. Citizenship certificate and

H. Passport, if applicable

ख. अनुसन्धान सहायकको हकमा:

Minimum qualification should be a master's degree in science and technology-related subjects with at least two publications in peer-review journals.

(सम्बन्धित विषय प्रतिष्ठानको आवश्यकता अनुसार छनौट समितिले निर्क्यौलगरेबमोजिम हुनेछ ।)

अङ्कभार:

| Headings | points |
|---|---|
| Education Background | 35 |
| Research and Publication | 40 |
| Job Experience | 5 |
| Proposal | 10 |
| Presentation and interview | 10 |
| Total | 100 |

Education Background (Max 35 points)

| Education qualification | First division | Second division |
|---|---|---|
| SLC | 3 | 2 |
| ISc or +2 Science | 4 | 3 |
| Bachelor degree | 5 | 3 |
| Master degree | 8 | 5 |
| M Phil | 10 | 7 |
| PhD | 15 | |

If the division is not clear in the certificate, then points of the second division will be given to the candidate.

If the candidate has a Ph.D. after MPhil, only the points for Ph.D. will be taken into account

Only one degree will be considered for evaluation

Research (Max Point 40)

- Research article (Max. 40 points)
  - SCImago Journal Ranking Q1, per article 20 points
  - SCImago Journal Ranking Q2 to Q3, per article 10 points max point 30
  - SCImago Journal Ranking Q4, per article 8 points max point 24
  - AJOL/INASP Journal Publishing Practices and Standards (JPPS) star rated per article 3 points max point 30
- Author *h*-index (Max point 5)
  - Point equivalent to the applicants h-index
- Patent (Max. 40 points)
  - 20 points per patent

The first author and corresponding author of the article will get full points. The other authors will get 75% of the points per article. Sharing the first author and corresponding will also get full points.

Job Experience (Max Point 5)

- Experience in University/research center/R&D at a company
  - Top 1 to 100 university, top research center 1 to 50 will obtain 5 points per year
  - Top 101 to 700 university, top research center 51 to 101 will get 4 points per year
  - Above 701 in the list of university and above 101 in the list of the research center will receive 2 points

The experience time will be counted after the master's degree.
Working in research and development at a company will be 5 points per year, and working at a or non-governmental research organization, the points will be 3 per year.
The university's ranking will be determined by either Academic Ranking of World Universities (ARWU), QS Top Universities or Times Higher Education World Universities Ranking, Nature Index (Global region, Government Sector) will be used to determine the research center.

Proposal

The applicant should submit a detailed proposal of a maximum of five pages. This should include the introduction, preliminary work, significance of the research area, objectives and work program for at least one-year, and expected outcomes. The proposal should comply with the mission and vision of GPAST.

Interview (Max Point 10)
अन्तर्वार्ता छनौट समितिले गर्नेछ।

Documents to submit

A. Cover letter

B. CV

C. Detailed proposal, maximum five pages.

D. Academic degrees

E. Proof of job experience or letter from the employee stating the job description.

F. Citizenship certificate and

H. Passport, if applicable

ग. ल्याबटेक्निसियनको हकमा:

+२ विज्ञान वा सो सरहको तहमा कम्तिमा द्वित्तिय श्रेणी र १ वर्ष कार्य अनुभव भएको

a. आवश्यक न्यूनतम शैक्षिक योग्यता बापतको २० पूर्णाङ्कमा
(विशिष्ट श्रेणी वापत २०, प्रथम श्रेणी बापत १५, द्वितीय श्रेणी बापत ८)
(त्रिभुवन विश्वविद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाको अंक गणनाका आधारमा)

b. कार्य अनुभव बापतको ५ पूर्णाङ्क
(प्रती वर्ष १ अंकको दरले अधिकतम ५ अङ्क)
समान पदमा रही अन्य मान्यता प्राप्त संस्थामा कार्य अनूभव भएको मात्र गणना गरिने।

c. प्रदेश भित्रका स्थायी बासिन्दालाई ५ अङ्क

d. प्रस्तुतीकरण बापतको २० अङ्क र

e. अन्तर्वार्ता बापतको ५० अङ्क हुनेछ। यस अनुसार अंक प्रदान गर्दा न्यूनतम १६ र अधिकतम ३५ अंकको सिमाभित्र रही प्रदान गर्नुपर्नेछ।

कुनै पेश गरेको प्रमाण पत्र वा विवरण झुठा वा नक्कली ठहरेमा सम्बन्धीत उम्मेदवार नै कानूनी कार्यवाहीको भागेदारी हुनेछ।

९. **योग्यताक्रम प्रकाशित गर्ने :** योग्यता मूल्याङ्कन (Educational Background, Experience and Permanent Address) र परिक्षा (Proposal, Presentation and Interview) बापतको कूल प्राप्ताङ्क जोडी माग पद संख्या बमोजिम सर्वोत्तम अंक प्राप्त गर्न सफल उम्मेदवारहरुको नाम नियुक्तिका लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नुपर्नेछ। यसरी सिफारिस गर्दा उपलब्ध भए सम्म रिक्त पद संख्याको २० प्रतिशतले हुने संख्या उम्मेदवारको नाम वैकल्पिक सूचीमा सिफारिस गरिनेछ। एक भन्दा बढी तहमा सफल हुने ती उम्मेदवारलाई माथिल्लो तहका लागि मात्र सिफारिस गरिनेछ।

**१०.नियुक्ति :**

(१) करार कर्मचारी छनौट समितिको सिफारिसमा सफल उमेदवारलाई एक पटकमा एक आर्थिक वर्षको लागि करारको रुपमा निर्णयानुसार कार्यकारी निर्देशकले नियुक्ति दिनेछ।

(२) सफल उम्मेदवारको नतिजा प्रकाशन भई नियुक्तिको लागि सूचना प्रकाशित भएको ७ दिन भित्र नियुक्ति लिई सक्नु पर्नेछ, अन्यथा बैकल्पिक उम्मेदवारलाई नियुक्ती दिन सकिनेछ।

(३) करार कर्मचारीलाई कार्यविवरण दिँदा विषयगत शाखा समेत तोकी काममा लगाउनु पर्नेछ।

(४) करार कर्मचारीको परीक्षण काल ६ महिनाको हुनेछ।

(५) एक पटक करारमा छनौट व्यक्तिलाई थप एक वर्षका लागी करार थप गर्न सकिनेछ। दुई वर्ष करार सेवा गरेका व्यक्तिले थप करारमा काम गर्न चाहेमा करार छनौट प्रकृयाको सुरुवाती चरणबाटनै नयाँ उमेदवार सरह छनौट प्रकृयामा सहभागी हुनुपर्नेछ।

## सुविधा, सजाय तथा पारिश्रमिक सम्बन्धी व्यवस्था

**११.विदा :**

करार कर्मचारीले वर्ष भरिमा भैपरी विदा ६ दिन, पर्व विदा ६ दिन, विरामी विदा १२ दिन सहुलियत पाउनेछन्। विदा बस्नुपर्दा विदा पूर्व स्वीकृत गराउनु पर्नेछ। विदा सहुलियत हो अधिकार होईन।

**१२.पारिश्रमिक सम्बन्धी व्यवस्था:** (१) वैज्ञानिक पदका कर्मचारीलाई मासिक रु. ४३,५८० पारिश्रमिक स्वरुप उपलब्ध गराईनेछ।

(२) अनुसंधान सहायक पदका कर्मचारीलाई मासिक रु. ३७,८७० पारिश्रमिक स्वरुप उपलब्ध गराईनेछ।

(३) ल्याब टेक्निसियन पदका कर्मचारीलाई मासिक रु. २८,२०० पारिश्रमिक स्वरुप उपलब्ध गराईनेछ।

(४) १ वर्ष करार सेवामा कार्यरत कर्मचारीलाई चाडबाड खर्च वापत १ पटकलाई मासिक पारिश्रमिक बराबरको रकम उपलब्ध गराईनेछ।

(५) उल्लेखित पारिश्रमिकमा नियमानुसार कर कट्टा गरिनेछ।

**१३. सजाय सम्बन्धी व्यवस्था :** (१) आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने : करार नियुक्त कर्मचारीले जानीजानी लापरवाही गरी प्रचलित कानुन उल्लंघन गरी हानी नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको आंशिक वा पुरा निजकै पारिश्रमिक बाट असुल उपर गरिनेछ एवं पारिश्रमिक बाट अपूग भएमा निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

(२) पारिश्रमिक रोक्का गर्ने :

देहायका अवस्थामा कर्मचारीको तलब रोक्का गर्न सकिनेछ ।

क. अनुशासनहीन काम गरेमा

ख. बारम्बार प्रतिष्ठानको निर्देशन पालना नगरेमा ।

ग. बारम्बार विना सूचना अनुपस्थित रहेमा ।

घ. काम समयमा सम्पन्न नगरेमा ।

ङ. प्रतिष्ठानले दिएको मौखिक वा लिखित आदेश पालना नगरेमा ।

च. आफ्नो पदीय जिम्मेवारी बहन नगरेमा ।

छ. मादक पदार्थ सेवन गरी कार्यालय आउने गरेमा ।

ज. प्रतिष्ठानको गोपनीयता भंग गरेमा ।

झ. पालना गर्नुपर्ने आचार संहिता पालना नगरेमा ।

(३) निश्चित समयको लागि निलम्बन गर्ने :करार नियुक्त कुनै पनि स्वयंसेवक तथा कर्मचारीलाई सजायको आदेश दिनु भन्दा अघि कुनै विषयमा जाँच गर्नु परेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ ।

(४) सेवाबाट हटाउने वा वर्खास्त गर्ने :देहायको अवस्थामा कर्मचारीलाई सेवाबाट हटाउन सकिनेछ ।

क. आफ्नो पदिय जिम्मेवारी बहन नगरेमा ।

ख. मादक पदार्थ सेवन गरी कार्यालय आउने प्रमाणित भएमा ।

ग. विदा स्वीकृत नगराई १० दिन सम्म अनुपस्थितिको कारण गयल भएमा ।

घ. अनुशासन तथा आचरण सम्बन्धि व्यवस्था बारम्बार उल्लंघन गरेमा ।

ङ. नैतिक पतन देखिने कुनै किसिमको कार्य गरेको व्यहोरा प्रमाणित भएमा।

च. प्रतिष्ठानलाई असर पर्ने गरी तथा कार्यालय समयमा अन्य संस्थामा काम गरेमा ।

छ. भ्रष्टाचार गरेको प्रमाणित भएमा ।

ज. नोकरी पाउने उद्देश्यले जाली प्रमाण पेश गरेमा ।

झ. मगज विग्रेमा ।

**१४.सफाईको अवसर दिनुपर्ने :** सजाय दिन पाउने अधिकारीले सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन। त्यस्तोमा सम्बन्धित कर्मचारीले तोकिएको म्याद भित्र आफ्नो सफाई पेश गर्नुपर्नेछ।

**१५. सजाय गर्ने अधिकारी :** करार कर्मचारीलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन।

क. चेतावनी, नसिहत दिने, गयल कट्टा गर्ने कर्मचारी प्रशासन प्रमुख।

ख. तलव रोक्का कर्मचारी प्रशासन प्रमुखको सिफारिसमा कार्यकारी निर्देशक।

ग. सेवाबाट हटाउने वा बर्खास्त गर्ने कर्मचारी प्रशासन प्रमुखको सिफारिसमा कार्यकारी निर्देशक।

## विविध

**१६.** यस कार्यविधिमा थपघट गर्ने अधिकार कार्यकारी परिषदमा रहने छ।

**१७.** यस कार्यविधि बमोजिम नियुक्त कर्मचारीको करार अवधी १ वर्षको हुनेछ निजको कार्यसम्पादन सन्तोषजनक भएमा आवश्यक्ता अनुसार बढीमा १ बर्ष करार अवधी थप गर्न सकिनेछ।

**१८.** यो कार्यविधि कार्यकारी परिषद्‌ले जुनसुकै वखत खारेज गर्न सक्नेछ।

**१९.** यस मापदण्डमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ।

# Supporting document to prepare the application

**Applied Postion:** Scientist/Research Associate/Lab Technician

**1. Cover Letter (Max 1 Page)**

**2. CV**

*Please follow this template below*

[Full Name]
[Home Address]
[Contact Details]

**Personal Statement**

Summarize the rest of the CV in 100-200 words and outline; who you are, any specific skills you have to offer, and your career aim.

**Work experience**

In chronological order, with the most recent at the top.

| Position | Institution/organization, Location | Date (M/Y-M/Y) | Roles and Duties |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**Education**

| Education qualification | Date (M/Y-M/Y) | Institute (University, college, school) | Subject | Grade (%, GPA…) |
|---|---|---|---|---|
| SLC | | | | |
| ISc or +2 Science | | | | |
| Bachelor degree | | | | |
| Master degree | | | | |
| M Phil | | | | |
| PhD | | | | |

**Publication**

*Please use APA 7th Edition style and list in chronological order (latest on the top)*

E.g

Reed, M. J., Kennett, D. J., Lewis, T., Lund-Lucas, E., Stallberg, C., & Newbold, I. L. (2009). The relative effects of university success courses and individualized interventions for students with learning disabilities. Higher Education Research & Development, 28(4), 385–400. https://doi.org/10.1080/07294360903067013

For details
https://apastyle.apa.org/instructional-aids/journal-article-reference-checklist.pdf

**Awards and Grants**

**Skills**
Clearly outline the laboratory/scientific skills you've gained at university/research center/ industry.

**Hobbies and Interests**

**References**

**Documents**

3. **Academic certificates (transcripts and certificates of educational qualifications)**
4. **Citizenship**
5. **Attach experience and supporting documents (Scientists and Lab Technician)**
   *Send all the documents and application in a single PDF file*

6. **Research and Publication Index**

| *Research article* | *Number of article/s* | *First/corresponding author* |
|---|---|---|
| SCImago Journal Ranking Q1 | | |
| SCImago Journal Ranking Q2 | | |
| SCImago Journal Ranking Q3 | | |
| SCImago Journal Ranking Q4 | | |
| | | |
| Author h-index (Google scholar) | | |
| | | |
| *Patent/s* | | |
| Number of Patents | | |

7. **Proposal (not for Lab Technician)**
   Detailed proposal of a maximum 5 pages; the proposal should comply with the mission and Vision of GPAST)
   1. Introduction
   2. Preliminary Work
   3. Significance of the Research Area
   4. Objectives and Work Program (For at least one year)
   5. Expected Outcomes